नेपाली राजदूतावास
बर्लिन

नेपाली राजदूताबास
*Embassy of Nepal*
*Berlin, Germany*

## प्रेस विज्ञप्ति

युक्रेनमा उत्पन्न पछिल्लो संकट पछि त्यस मुलुकका विभिन्न शहरमा रहेका नेपाली नागरिकहरुको स्थिति सम्बन्धमा यस दूतावासबाट थप जानकारी हासिल गर्ने कार्य निरन्तर भइरहेको छ। दूतावासमा सम्पर्कमा आउनुभएका १९३ जना नेपाली नागरिकहरु हालसम्म सुरक्षित हुनुहुन्छ।

हिजो र आज समेत गरी युक्रेनसंग सिमाना जोडिएका छिमेकी मुलुकहरू गणतन्त्र स्लोभाकिया, पोल्याण्ड र हंगेरीले युक्रेनबाट निस्कन चाहने विदेशी नागरिकहरूलाई मानवीयताका आधारमा आफ्ना मुलुकमा प्रवेशका लागि नाका (Border) खुल्ला गरेको जानकारी नियोगमा प्राप्त भएको छ। तसर्थ, आफ्नो सुरक्षालाई ध्यानमा राखी मिति २०७८।११।१२ को नियोगको सूचनाको व्यहोरालाई समेत मध्यनजर गर्दै सुरक्षित तवरले नेपाल फर्कनका लागि ती मुलुकहरू तर्फ जान सकिने व्यहेरा सम्वन्धित सबैको जानकारीका लागि अनुरोध छ।

सीमा नाकामा प्रवेश गर्ने क्रममा आफ्नो परिचयपत्र खुल्ने कागजात (Identity Document) राहदानी वा यात्रा अनुमितपत्र (Travel Document) सम्बन्धमा कुनै समस्या भएमा वा तत्काल यात्रा अनुमितपत्र (Travel Document) आवश्यक पर्ने भएमा आफ्नो नेपाली राहदानीको फोटोकपी -१ र डिजिटल फोटो -१ तलको ठेगानामा उपलब्ध गराउन तथा सम्पर्क गर्नुहुन अनुरोध छ ।

श्री सहारा चौलागाई
तृतीय सचिव
नेपाली राजदूतावास, बर्लिन
फोन नं. +४९१७०९८०८०६३
इमेल-eonberlin@mofa.gov.np

साथै, सीमानाकाबाट प्रवेश गरिसके पश्चात कुनै समस्या भएमा स्थानीय रूपमा देहायका गैर आवासीय नेपाली संघ वा नेपाली समूदायका नेतृत्वकर्ता वा अगुवाहरूलाई सम्पर्क गर्न सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

१. स्लोभाकिया -श्री जय प्रसाद शिवाकोटी (००४२१९४०७८५९४४)
२. पोल्याण्ड- डा. बोधराज सुवेदी (००४८६०६८५२८३७),
   श्री जीवन कुमार क्षेत्री (००४८७२९२१२६७३)
३. हंगेरी -श्री सुरेन्द्र श्रेष्ठ (००३६७०५३०८७९३)

ती मुलुकहरूमा पहुँच भैसकेपछि नियोगलाई सो को जानकारी गराउन हुन समेत दूतावास हार्दिक अनुरोध गर्दछ ।

२५ फेब्रुअरी २०२२